फोन नं :- ०१-४२००१०५
०१-४२००२०३
फ्याक्स नं:-०१-४२००१०३
Email: neoc@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र ........ शाखा)

नेपाल सरकार गृह मन्त्रालय

पत्र संख्या :-०७१।७२
प्राप्त पत्र संख्या र मिति :-
च. नं. :- २५२

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति:- २०७१/१२/३०

विषय :- विपद् व्यवस्थापन सम्वन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
१८ ।

प्रस्तुत विषयमा विपद् व्यवस्थापनसँग सम्बन्धीत निकाय तथा संघ-संस्थाहरुको समन्वयमा विपद पूर्वतयारीको लागि विपद् व्यवस्थापन महाशाखाको नेतृत्वमा सरकारी निकाय, संयुक्त राष्ट्रसङ्घीय निकाय, मानविय सहायताको क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुका प्रतिनिधिहरु सम्मिलित विशेष गरी बाढीजन्य विपद् व्यवस्थापनको पुर्व तैयारकिो लागि बसेको बैठकबाट, जिल्ला दैवी प्रकोप उद्धार समितिको अध्यक्षको प्रत्यक्ष निर्देशनमा कार्य गर्ने गरी निम्न जिल्लामा निम्न संस्थाहरुलाई हाललाई जिल्ला अगुवा सहयोगी संस्थाको रुपमा जिम्मेवारी प्रदान गरिएको छ । ती संस्थाहरुलाई आफ्नो नियमित कामको अतिरिक्त देहायबमोजिम थप जिम्मेवारी तोकिएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध गर्दछु ।

| सि.नं. | जिल्ला | जिल्ला अगुवा सहयोगी संस्थाको नाम (District Lead Support Agency) | कैफियत |
|---|---|---|---|
| १ | झापा | Luthran World Federation | |
| २ | मोरङ्ग | World Vision International | |
| ३ | सुनसरी | Plan Nepal | |
| ४ | सप्तरी | DCA/KVS | |
| ५ | सिराहा | Save the Children/Nepal Red Cross Society | |
| ६ | धनुषा | Oxfam/SDRC | |
| ७ | महोत्तरी | | |
| ८ | सर्लाही | Oxfam/BWSN | |
| ९ | रौतहट | Oxfam/NRCS | |
| १० | पर्सा | | |
| ११ | चितवन | | |
| १२ | नवलपरासी | Luthran World relief/SAHAMITI | |
| १३ | दाङ | UNFPA | |
| १४ | बाँके | Save the Children/Nepal Red Cross Society | |
| १५ | बर्दिया | Action Aid | |
| १६ | कैलाली | CARE, Nepal | |
| १७ | कञ्चनपुर | Handicap International | |
| १८ | सुर्खेत | CARE, Nepal | |

**कार्यहरु**

१. विपद् प्रतिकार्य तथा प्रतिकार्य-पूर्वतयारीका लागि जिल्ला स्थित अन्तर-क्षेत्रगत संस्था (Inter Cluster Agency) बीच समन्वय गरी जिल्ला दैवी प्रकोप उद्धार समितिलाई सहयोग गर्ने ।
२. जिल्ला तथा स्थानीयस्तरमा रहेका विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु लगायतका संस्थाहरुसँग समन्वय गर्ने ।
३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्न जिल्ला दैवी प्रकोप उद्धार समितिलाई सहयोग गर्ने, समितिको निर्णय कार्यान्वयनमा सहयोग तथा समन्वय गर्ने ।
४. विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र सामुदायीक संघ-संस्थाहरुको विपद् व्यवस्थापनको क्षेत्रमा प्रयोग गर्न सकिने श्रोत साधनहरुको नक्साङ्कन तथा आवश्यक सूचना समन्वयको काम गर्ने ।
५. विपद्जन्य घटना घटेको अवस्थामा आपत्कालीन राहत जुटाउन तथा वितरण गर्न आवश्यक समन्वय गरी जिल्ला दैवी प्रकोप उद्धार समितिलाई सहयोग गर्ने र वस्तु स्थिती विवरण तयार गर्न आवश्यक सहयोग र समन्वयन गर्ने ।

(बावुराम भण्डारी)
उप-सचिव

**बोधार्थ तथा कार्यार्थ :**
श्री जिल्ला अगुवा सहयोगी संस्था